नेपाल सरकार
अर्थ मन्त्रालय

फ्याक्स नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(अन्तर सरकारी वित्त समन्वय शाखा)
अनामनगर, काठमाडौं

प.सं.:२०८०/८१
च.नं.:- १३४/४५
(१)

मिति :- २०८०/०७/०३

**विषय :- स्थानीय तहको आ.व. ०७९।८०को हिसाब भिडान सम्वन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सवै ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४ र ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० मा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने जिम्मेवारी यस कार्यालयको रहेको छ।साथै स्थानीय तहहरूले आ- आफ्नो एकीकृत वित्तीय विवरण तयार गरी असोज मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइसक्नु पर्ने समेत व्यवस्था रहेको छ ।

विनियोजन ऐन,२०७९ को दफा ५ को उपदफा १३ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभई वचत भएमा सम्वन्धित स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ र दाखिला नभएमा अर्को वर्षको समानीकरण अनुदानवाट कट्टा गरी समायोजन गर्नुपर्ने व्यवस्था रहेको छ।साथै चालु आ.व.०८०।८१ को विनियोजन ऐनको दफा ५ को उपदफा १४ मा विगत आ.व.को फिर्ता गर्नु पर्ने रकम समानीकरण अनुदानबाट कट्टा गर्न नपुग भए राजश्व बाडँफाडँबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। यस कार्यालयको बजेट कार्यान्वयन सम्वन्धी च.नं.३ मिति २०८०।०४।०७ पत्रको बुंदा न ४० र ४१ मा समेत यस विषयमा स्पष्ट गरिएको छ।

प्रारम्भिक विवरण अनुसार स्थानीय तहबाट हाल सम्म संघ तर्फ फिर्ता गर्नु पर्ने बाँकी रकम करिव रू ६ अरव २४ करोड रहेको देखिन्छ। हाल सम्म वित्तीय विवरणका न्यूनतम सूचक पूर्ण रूपमा मिलेको स्थानीय तहको सख्या संघ तर्फ ३१२ तथा प्रदेश तर्फ ३०२ देखिएको छ। स्थानीय तहको बार्षिक हिसाव मिलान कार्यलाई सहज तुल्याउन SuTRA मा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रविष्ट गर्नु पर्ने वित्तीय हस्तान्तरण फाराममा केही परिमार्जन गरिएको छ। कतिपय कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले SuTRA प्रणालीको बार्षिक प्रतिवेदन खण्डको वित्तीय हस्तान्तरण भन्ने मेनुमा प्रविष्टि गर्नुपर्ने विवरण तथा स्थानीय तहले प्रविष्ट गर्नुपर्ने कोष/खाताको विवरण प्रविष्ट नगरेको कारण एकीकृत वित्तीय प्रतिवेदनलाई पूर्णता दिन नसकिएको हुंदा स्थानीय तहको वित्तीय विवरणका लागि तपसिल अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

१. स्थानीय तहहरूबाट आ.व.०७९।८० को फिर्ता गर्नु पर्ने बचत रकम हाल सम्म फिर्ता नभएको रकम फिर्ता गर्नु गराउनु हुन र फिर्ता नगरेमा विनियोजन ऐन,२०७९ तथा वजेट कार्यान्वयन सम्बन्धी यस कार्यालयको च.नं.०३ मिति २०८०।०४।०७ को पत्रको बुँदा ४० र ४१ अनुसार

नेपाल सरकार
अर्थ मन्त्रालय

फ्याास नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(अन्तर सरकारी वित्त समन्वय शाखा)
अनामनगर, काठमाडौं

प.सं.:२०८०/८१
च.नं.:- ९३८/४५

त्यस्ता स्थानीय तहहरूको वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी राजश्वमा जम्मा गर्नु हुन र कट्टा गर्न नपुग भएमा स्थानीय तहको नाम र कट्टा गर्नु पर्ने रकम समेतको विवरण यस कार्यालयको इमेल igfcs@fcgo.gov.np मा कार्तिक १५ गते भित्र पठाउनु हुन ।

२. प्रतिवेदन खण्डको वित्तीय हस्तान्तरण मेनुमा स्थानीय तहले SuTRA प्रणालीमा प्रविष्ट गरेको बजेट, निकासा,खर्च रकम स्वतः देखिने हुँदा कोष तथा लेखा नियन्त्रक कार्यालयले सो मेनुमा गई आफूले भर्नु पर्ने महलहरू जस्तै TSA अनुसारको बजेट महल-६ मा, निकासा महल-७,८,९ मा, स्थानीय तहबाट आ.व.०७९/८० मा कोष तथा लेखा नियन्त्रक कार्यालयको खर्च खातामा फिर्ता भएको रकम महल १४ मा, राजश्वमा जम्मा भएको अनुदान फिर्ता रकम महल १५ मा र स्थानीय तहले गत आ.व.को फिर्ता गर्नु पर्ने रकमको चेक गत आ.व. मा नै जारी गरेका तर आ.व.मा सटही भई राजश्वमा जम्मा भएको रकम महल १६ मा प्रविष्टि गर्नु हुन।

३। प्रतिवेदन खण्डको कोष/ खाताको विवरण प्रविष्ट नगरेका स्थानीय तहहरूको विवरण तत्काल प्रविष्ट गर्न लगाउनु हुन।

४. प्रतिवेदन खण्डको वित्तीय हस्तान्तरण मेनुमा हिसाव मिलान भएको अवस्थामा सोही खण्डको संक्षिप्त मेनुको स्थानीय तह वार्षिक प्रतिवेदन साराशंको प्रकारमा गई Mismatch Status हेर्न सकिने र सो प्रतिवेदनमा सबै टिक(☑) आएमा सबै विवरण मिलेको तथा क्रस☒ भएमा तत् तत् महल नमिलेको जनिने हुंदा सोही अनुसार सबै विवरण मिलाई लक गर्नु हुन। बैकं र लेजरको हिसाव घटी बढी भई क्रस☒ नहटेमा घटी बढी देखिनुको कारण स्थानीय तहबाट माग गरी सिस्टममा लक गर्नु हुन। साथै Amount Mismatch Status समेत सोही सव मेनुबाट देखिने हुँदा सो समेत परीक्षण गरी निकासा रकम बाहेक चानचुन पैसाले मात्र हिसाव फरक परेको देखिएको अवस्थामा समेत सिस्टममा लक गर्नु हुन।

(मुन कुमार के.सी)
उप-महालेखा नियन्त्रक

**बोधार्थः**

श्री स्थानीय तह, सबै (७५३): नियमानुसार फिर्ता गर्नु पर्ने वचत रकम फिर्ता गर्नु हुन र वित्तीय विवरण सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय सँग समन्वय गरी हिसाव मिलान गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।